त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम, सल्यान
कर्णाली प्रदेश, नेपाल

✆ {९८५७८४४६०० ९८५७८४४६०३
Web:trivenimunsalyan.gov.np
Email:ito.trivenimunsalyan@gmail.com

पत्र संख्याः २०८१।८२
चलानी नम्बरः –

मितिः २०८१।०९।२१

## स्तरवृद्धि/तह कायमको लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना ।

(सूचना प्रकाशित मिति : २०८१।०९।२१)

प्रस्तुत विषयमा कर्णाली प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा २६ तथा कर्णाली प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली, २०८१ को नियम २९ बमोजिम यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूको स्तरवृद्धि गर्नुपर्ने भएको हुँदा ऐनको दफा २६ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले यसै नियमावलीको अनुसूचि-१८ बमोजिमको फाराम भरि तथा ऐनको दफा ८ वमोजिम तह कायम हुने कर्मचारीहरुले समेत तपशिल अनुसारका आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र आवेदन पेश गर्नुहुन जानाकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

१. सुरु नियुक्ति पत्रको प्रतिलिपि,
२. सरूवा तथा रमानाको प्रतिलिपि (सरूवा भइ आएका कर्मचारीहरुका लागि),
३. समायोजन पत्र (कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुका लागि),
४. बढुवा/तह मिलान/तह वृद्धि भएको भए सो सम्बन्धी पत्रको प्रतिलिपि,
५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
६. पछिल्लो पाँच आर्थिक बर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम ।

२०८१/०९/२१
खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत